जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २२२ २०८२ साल चैत २५ गते बुधवार (8 Apr 2026 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारले घटायो इन्धन ... ३ पृष्ठमा : एसइई दिइरहेका एक नक्कली ... ३ पृष्ठमा : भारतको हिरासतमा दुई ...

## जिल्लाको आर्थिक एकाईहरुको अवस्था थाहा पाउन सप्तरीमा आर्थिक गणना हुने



**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

सप्तरीको सम्पुर्ण आर्थिक एकाईहरुको अवस्था थाहा पाउन २०८३ बैशाख २ देखि असार ७ गते सम्म राष्ट्रिय आर्थिक गणना हुने भएको छ ।

नेपाल सरकार राष्ट्रिय तथ्याँक कार्यालयले देशभरका सम्पुर्ण आर्थिक एकाईहरुको बास्तविक अवस्था थाहा पाउन राष्ट्रिय आर्थिक गणना सञ्चालन गर्ने निर्देशन अनुसार यस जिल्लामा पनि आर्थिक गणना कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

राजविराज स्थित जिल्ला प्रशासन कार्यालय सप्तरीमा मंगलबार जिल्ला आर्थिक गणना कार्यालयले जिल्लास्तरीय सचेतना गोष्ठी कार्यक्रम गरेर यसबारे सरोकारबालाहरुलाई यसबारे जानकारी गराएका छन् ।

कार्यक्रममा जिल्ला आर्थिक गणना अधिकारी नागेन्द्र प्रसाद यादवले देशको अर्थतन्त्र मापन तथा आर्थिक नीति निर्माणमा राष्ट्रिय आर्थिक गणनाले ठुलो सहयोग पुऱ्याउने भन्दै आयोजकले दर्ता भएका वा नभएका स्थायी वा अस्थायी सबै प्रकारका आर्थिक गतिविधि गर्ने प्रतिष्ठान र व्यवसायलाई गणनामा सहभागी भई सही र पुर्ण विवरण उपलब्ध गराई दिन आग्रह गरे ।

उनले आर्थिक तथ्याँक उत्पादन, नीति निर्माण, विकासको आधार, अर्थतन्त्रको आकार, कुल ग्राहस्थ उत्पादन, रोजगारी तथा लगानी प्रवर्द्धन लगायतका विषयमा राष्ट्रिय तथा स्थानियस्तरमा सम्भाव्यता पहिचान गर्न यस्तो अभियान थालिएको बताए । यो अभियान असार ७ गते सम्म चल्ने बताएका उनले यस कार्यका लागि जिल्ला भर ८० जना तालिम प्राप्त दक्ष जनशक्ति परिचालन हुने जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा जिल्ला

*बाँकी तीन पृष्ठमा*

## एक लाख ४० हजार घुससहित विद्युत् प्राधिकरणका इन्जिनियर अख्तियारको फन्दामा




**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले सप्तरीबाट घुसको रकमसहित नेपाल विद्युत् प्राधिकरणका एक इन्जिनियरलाई पक्राउ गरेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ पोर्ताहा स्थित एक होटलबाट कञ्चनपुर वितरण केन्द्र, सप्तरीमा कार्यरत प्रमुख इन्जिनियर धनुषा जनकपुर उपमहानगरपालिका वडा नम्बर ९ निवासी ३५ वर्षीय महेन्द्र कुमार दासलाई एक लाख ४० हजार घुस लिँदै गरेको अवस्थामा पक्राउ गरेको हो ।

दासले सोही स्थानका २३ वर्षीय कृष्ण मुरारी यादवसँग ईभी चार्जिङ सञ्चालनका लागि आवश्यक १६० केभी विद्युत् उपलब्ध गराइदिने भन्दै घुस मागेका थिए । हाल ९० केभी

*बाँकी तीन पृष्ठमा*

## घरदैलो अभियानमा पराजित उम्मेदवार चौधरी, विपन्न बालबालिकालाई शैक्षिक सामग्री प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

फागुन २१ को निर्वाचनमा सप्तरी निर्वाचन क्षेत्र नं. २ बाट चुनाव लडेका एक जना उम्मेदवार चुनावमा पराजित भएपछि पनि घरदैलो अभियानमा लागेका छन् ।

चुनावको समयमा घरदैलो कार्यक्रम स्भाविकै भएपनि पराजीत उम्मेदवारद्वारा घरदैलो गर्नु अनौठो चलनको सुरुवात हो ।

यसरी अनौठो कार्यको सुरुवात गर्ने उम्मेदवार हो सप्तरीको राजविराज नगरपालिका १३ विषहरीया निवासी डा.दिपक चौधरी ।

फागुन २१ गते सम्पन्न प्रतिनीधीसभा सदस्य निर्वाचनमा उनी कुलमान घिसिंग नेतृत्वको उज्यालो नेपाल पार्टीबाट उम्मेदवार बनेका थिए ।

नेपाल विद्युत प्राधिकरणको प्रबन्धक पदबाट राजीनामा दिएर उनी चुनावी प्रतिस्पर्धामा उत्रेका उनले पराजयको सामना गर्नु पऱ्यो ।

यस क्षेत्रबाट रास्वपाका उम्मेदवार रामजी यादवले बाजी मारे । डा.चौधरीले चुनावी नतिजाको एक महिनाको विश्राम पछि मतदातालाई भेटन तथा धन्यवाद दिन घरदैलो कार्यक्रम सेरु गरेको बताए ।

आफु पराजीत भएपनि जनताले दिएको मत प्रति सम्मान तथा भावी दिन थप सहयोग प्राप्त गर्ने उदेश्यका साथ घर/घर पुग्ने अभियानको सुरुवात गरेको उनले तर्क गरे ।

यसरी घरदैलोका क्रममा घर/घर पुग्दा मतदाता खुशी भएको तथा आफुलाई मत नदिएका मतदाताले पनि अगामी चुनावमा साथ र सहयोग दिने प्रतिबद्धता जनाउने गरेको उनको भनाई छ ।

आफ्नो निर्वाचन क्षेत्र अन्तर्गत पर्ने सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाबाट उनले सुरु गरेको घरदैलो अभियान क्षेत्रको सवै पालिकामा पुगेर सम्पन्न हुने जनाएका छन ।

सोही अभियानका क्रममा उनले विपन्न वस्तीका बालबालिकालाई शैक्षिक सामग्री समेत वितरण गरेका छन् । अभियानको पहिलो दिन उनले तिलाठी कोईलाडी गाउपालिकाको सररपुरा टोलमा विपन्न तथा

*बाँकी तीन पृष्ठमा*

## मोटरसाइकल ठोक्किएर आगो लाग्दा तीन विद्यार्थीको जलेर मृत्यु

जलेश्वर (महोत्तरी), २४ चैत (रासस) ।

यहाँस्थित जलेश्वर बर्दिबास सडकखण्डको बथनाहा गाउँमा मंगलवार दुई वटा मोटरसाइकल एकापसमा ठोक्किएर आगलागी हुँदा तीन विद्यार्थीको जलेर मृत्यु भएको छ ।

सो घटनामा थप तीन जना गम्भीर घाइते भएका छन् । उनीहरुको सदरमुकाम जलेश्वरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टले जानकारी दिनुभयो ।

प्रहरीले हालसम्म मृतक तथा घाइते मध्ये कसैको नाम, थर, वतन खुलाएको छैन भने मोटरसाइकल पनि पूर्ण रुपमा जलेर नम्बर प्लेट समेत नदेखिने अवस्थामा रहेको जनाइएको छ । मंगलवार बिहान विपरीत दिशाबाट आएका ती मोटरसाइकल जलेश्वर बर्दिबास सडकखण्डको एकडारा गाउँपालिका-५ स्थित बथनाहा गाउँमा एकापसमा ठोक्किएका थिए । ठोक्किएर दुवै मोटरसाइकलमा आगलागी हुँदा तीन जना विद्यार्थीको घटनास्थलमै तत्काल मृत्यु भएको प्रहरीले जनाएको छ । उनीहरु एसइई परीक्षा दिएर फर्किएका विद्यार्थी रहेको बताइएको छ ।

घटनामा तीन जनामध्ये दुई जनाको अवस्था गम्भीर र एक जनाको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

# 'सभामुख पदको गरिमालाई उच्च बनाउन सकारात्मक भई काम गर्नेछु'

काठमाडौँ, २४ चैत (रासस)।

सभामुख डोलप्रसाद आर्यालले संसदीय व्यवस्थामा सभामुख पदको गरिमालाई अझ उच्च बनाउने कार्यमा आफू सदैव सकारात्मक र सक्रिय रहने प्रतिबद्धता जनाउनुभएको छ।

सभामुख पदमा निर्वाचित भएपछि सोमबारको प्रतिनिधिसभा बैठकमा उहाँले भन्नुभयो, "संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको नीतिगत बहस, छलफल गर्ने र निष्कर्ष निकाल्ने हुन्छ। यस कार्यका लागि संसद् एक खुला विश्वविद्यालय सरह रहने भएकाले आफू सदैव सकारात्मक भएर काम गर्नेछु। सत्तापक्षको गुण र दोषका आधारमा प्रतिपक्षले भूमिका निर्वाह गर्ने भएकाले समाजमा सुशासन कायम गरी विकसित राष्ट्र निर्माणमा सबै सांसदहरूको बराबरी र महत्त्वपूर्ण भूमिका रहन्छ।"

नेपालको संविधान, प्रतिनिधिसभा नियमावली र प्रचलित कानुनलाई मार्गदर्शन मानी समग्र संसदीय क्रियाकलाप सञ्चालन गर्ने उल्लेख गर्दै सभामुख अर्यालले संविधान र प्रचलित कानुनको अधिनमा रही राजनीतिक दलहरूसँगको आपसी सहयोग र समन्वयका आधारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले देशमा सुसाशन कायम गरी भ्रष्टाचार नियन्त्रण गरेर विकास निर्माणका गतिविधि सञ्चालन गर्ने र आवश्यक कानुन बनाउने थलो संसद् भएकाले सबै राजनीतिक दललाई रचनात्मक सहयोग र सहभागिताका लागि उहाँले आग्रह गर्नुभयो।

"म कुनै राजनीतिक दलमा आबद्ध भएर निर्वाचित हुँदै प्रतिनिधिसभाको सहस्य भएको हुँ। अब म दलकोभन्दा राष्ट्रको सभामुख भएकाले यो गरिमामय पद र यसको जिम्मेवारी निर्वाह गरिरहँदा राजनीतिक दलमा सहभागी भएकै कारण सभाको मर्यादामा आँच आउन दिने छैन", सचामुख अर्यालले भन्नुभयो। उहाँले सबैको सुझावलाई तथष्टरूपमा कार्यान्वयन गर्दै सभामुख निष्पक्ष र स्वतन्त्र हुनुपर्ने बताउनुभयो।

सभामुख अर्यालले सांसद सङ्ख्याका आधारमा कुनै भेद्भाव नहुने बताउँदै सांसद सबैबाट सभा सञ्चालनका लागि क्रियाशिलता, रचनात्मक सहयोग र समन्वयको अपेक्षा गर्नुभयो। संसद्मा जनताको प्रतिनिधित्व गरेर आएका कुनैपनि सदस्यलाई दलगत सहभागिताका आधारमा भेद्भाव नहुने उहाँको भनाइ छ।

"हामीले गर्ने प्रत्येक निर्णय र गतिविधि जनताले नजिकबाट अवलोकन गरिरहेका छन्। निर्वाचित प्रतिनिधिजनताले जिताएर पठाएका छन्। सबैले आफ्नो दायित्व आमनागरिकप्रति इमान्दर भएर निर्वाह गर्नुपर्छ", सभामुख अर्यालले भन्नुभयो। उहाँले हरेक नेपाली नागरिकले संसद्मा हुने छलफल र यहाँका गतिविधिमा आफ्नो सहभागिता रहेको महसुस गर्नेगरी काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

सभामुख अर्यालले नयाँ कानुन निर्माण गर्नुभन्दा पहिला बनेका, हाल विद्यमान ऐन कानुनको समिक्षा र पुनरावलोकन गरी कुनकुन कानुन खारेज गर्ने, कुनकुन कानुनलाई एकिकृत गर्ने भन्नेबारेमा अध्ययन पुनरावलोकनसहित कानुनको निर्माणमा जुट्न सबैलाई आग्रह गर्नुभयो। *बाँकी तीन पृष्ठमा*


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सरकारले घटायो इन्धन कर, उपभोक्तालाई के हुन्छ ?

काठमाडौं, २४ चैत। सरकारले पेट्रोलियम पदार्थको मूल्यवृद्धिबाट जनतालाई पर्ने मार कम गर्न भन्सार महसुल र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्दै संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले इन्धनको बढ्दो घाटा र संकट व्यवस्थापनका लागि सरकारले कर छुटदेखि खपत नियन्त्रणसम्मका महत्त्वपूर्ण कदम चालेको जानकारी दिइन्।

मन्त्री रावलले पछिल्लो समय इन्धन आयात गर्दा सरकारले ठूलो आर्थिक घाटा बेहोरिरहेको पनि बताइन्। हालको मूल्य संरचनामा इन्धन बिक्री गर्दा नेपाल आयल निगमलाई १५ दिनमै ११ अर्ब ७२ करोड रुपैयाँ घाटा भएको छ।

'यो सानो रकम होइन,' मन्त्री रावलले भनिन्, 'त्यसैले यो समस्या केवल मूल्यको होइन, आपूर्ति शृङ्खला, कर, लागत, खपत र व्यवस्थापनको संयुक्त समस्या हो, त्यसैले सरकार केही निर्णय सहित अगाडि बढेको छ।'

न्यूनतम खपत गर्दा पनि पछिल्लो १५ दिनमा मात्रै ३४ हजार किलोलिटर पेट्रोल, ८३ हजार किलोलिटर डिजेल, ८ सय ६५ किलोलिटर मट्टितेल, २ हजार ६ सय १५ किलोलिटर आन्तरिक हवाई इन्धन, ५ हजार ८ सय ९२ किलोलिटर बाह्य हवाई इन्धन र १५ लाख २२ हजार ४ सय ४४ सिलिन्डर एलपी ग्यास बिक्री भएको मन्त्री रावलले तथ्यांक प्रस्तुत गरिन्।

**अब उपभोक्ताले सस्तोमा पाउलान् ?**

सरकारले पेट्रोलियम पदार्थ आयातमा लाग्दै आएको करमा ५० प्रतिशत कटौती गर्ने निर्णय गरेसँगै कुन इन्धनमा कति कर घट्छ भन्ने चासो बढेको छ।

मन्त्रिपरिषद्को पछिल्लो निर्णय लागू भएपछि हाल पेट्रोल र डिजेलमा लाग्दै आएको प्रतिलिटर १० रुपैयाँ पूर्वाधार विकास कर आधा घटेर ५ रुपैयाँमात्र कायम हुनेछ। पूर्वाधार करको गिरावटले मात्रै पनि प्रतिलिटर ५ रुपैयाँ कर भार कम हुनेछ।

यस अतिरिक्त सरकारले भन्सार बिन्दुमै लाग्ने महसुल पनि आधा मिनाहा गरेको छ। विद्यमान व्यवस्था अनुसार पेट्रोलमा प्रतिलिटर २५ रुपैयाँ र डिजेलमा १२ रुपैयाँ भन्सार महसुल लाग्ने गरेको थियो।

त्यसैगरी खाना पकाउने एलपी ग्यास आयात गर्दा प्रतिसिलिन्डर ९० रुपैयाँ कर लाग्दै आएको थियो। सरकारको नयाँ निर्णयसँगै यी सबै कर ५० प्रतिशतले घट्नेछन्।

**कुन इन्धनमा कति कर भार कम हुन्छ ?**

नयाँ व्यवस्था कार्यान्वयनमा आएपछि पेट्रोलमा लाग्ने कुल करमा १७ रुपैयाँले कमी आउने छ (भन्सारको १२ रुपैयाँ र पूर्वाधारको ५ रुपैयाँ)।

त्यस्तै डिजेलमा भन्सारतर्फ ६ रुपैयाँ र पूर्वाधारतर्फ ५ रुपैयाँ गरी जम्मा ११ रुपैयाँ कर भार घट्ने छ। उता, ग्यासमा लाग्ने ९० रुपैयाँको आयात शुल्क घटेर ४५ रुपैयाँमा सीमित हुनेछ।

यद्यपि, यो निर्णय तत्कालै लागू भने भइसकेको छैन। निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार मन्त्रिपरिषद् निर्णय राजपत्रमा प्रकाशित भई कार्यान्वयनका लागि निर्देशन आएपछि मात्र कुन शीर्षकमा कति कर घटेको हो भन्ने यकिन हुनेछ।

'सरकारले कर छुट दिने निर्णय गरेको हामीले पनि समाचारबाटै थाहा पाएका हौं, तर कुन-कुन वस्तुमा छुट दिइएको हो र कहिलेदेखि लागू हुने भन्नेबारे आधिकारिक जानकारी आइसकेको छैन,' प्रवक्ता ठाकुरले भने।

**बजार मूल्य घट्ने सम्भावना कति ?**

करको दरमा भारी कटौती गरिए पनि आम उपभोक्ताले खरिद गर्ने पेट्रोलको मूल्य तत्काल सस्तो हुने सम्भावना भने न्यून छ। निगमका अनुसार विश्व बजारको मूल्यका कारण हाल निगमलाई प्रतिलिटर पेट्रोलमा ३४ रुपैयाँ र डिजेलमा १ सय २० रुपैयाँ नोक्सानी छ।

सरकारले दिएको कर छुटपछि पनि निगमलाई पेट्रोलमा लिटरमै १७ रुपैयाँ र डिजेलमा १ सय ९ रुपैयाँ घाटा नै रहने तथ्यांकले देखाउँछ। ग्यासमा पनि प्रतिसिलिन्डर ४ सय १६ रुपैयाँको नोक्सानी रहेकाले कर घटेकै भरमा निगम नाफामा जाने अवस्था छैन।

घाटामा रहेको निगमलाई कर कटौतीले केही राहत मिले पनि मूल्य समायोजन गरेर उपभोक्तालाई राहत दिन सक्ने अवस्था नरहेको निगमका एक अधिकारीले बताए।

'हाम्रो घाटाको खाडल निकै गहिरो भएकाले कर कटौती हुनेबित्तिकै बजार मूल्य घटाउन सकिँदैन,' उनले भने, 'तर, निगम सञ्चालक समितिले निर्णय गरे वा प्रधानमन्त्री र आपूर्ति सचिव तहबाटै मूल्य घटाउन ठाडो निर्देशन आएको खण्डमा मात्र उपभोक्ताले सस्तोमा इन्धन पाउन सक्छन्।'

**घाटामा १ अर्ब ४९ करोडको राहत**

सरकारले भन्सार शुल्क र पूर्वाधार करमा ५० प्रतिशत छुट दिँदा निगमलाई करिब १ अर्ब ४९ करोड रुपैयाँ राहत पुग्ने छ। तर, पनि १० अर्ब २३ करोडभन्दा बढी घाटा कायमै रहन्छ।

निगमले अत्यधिक घाटा हुँदाहुँदै पेट्रोलियम पदार्थ आपूर्ति भने सहज राखेको जनाएको छ। निगम प्रवक्ता ठाकुरले पेट्रोलियम पदार्थ आपूर्ति व्यवस्थामा कुनै समस्या नभएको बताए।

'हामीले मागेजति इन्धन पाइरहेका छौं,' उनले भने, 'घाटा भए पनि हामीले आपूर्ति सहज बनाएका छौं।'

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यवृद्धिले सिर्जना गरेको संकट टार्न कर समायोजनले आपूर्ति व्यवस्था सहज बनाउन मद्दत पुग्ने तर पूर्ण समाधानका लागि खपत घटाउने र मितव्ययिता अपनाउनु नै मुख्य विकल्प रहेको निगमको भनाइ छ।

**इन्धनमा कर कटौती स्वागतयोग्य, उपभोक्तालाई तत्काल लाभ दिनुपर्छ**

उपभोक्ता अधिकारकर्मी माधव तिमल्सिना पेट्रोलियम पदार्थमा कर घटाउने निर्णयको स्वागत गर्दै त्यसको प्रत्यक्ष लाभ तत्काल उपभोक्तालाई दिन सरकारसँग माग गर्छन्।

उनले निगमले घाटाको बहाना बनाएर मूल्य घटाउन आनाकानी गर्न नहुने र मन्त्रिपरिषद् निर्णयलाई तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिए।

'यो उपभोक्ताले लामो समयदेखि उठाउँदै आएको माग हो, सरकारले भन्सार र कर अत्यधिक लगाएका कारण मूल्य अस्वाभाविक रूपमा बढेको थियो,' तिमल्सिनाले भने, 'अब सरकारले निर्णय गरिसकेपछि निगमले कुनै बहानाबाजी नगरी तत्काल डिजेल-पेट्रोलको मूल्य घटाएर उपभोक्तालाई राहत दिने काम गर्नुपर्छ।'

निगमले आफू घाटामा रहेको तर्क गरेर मूल्य घटाउन आनाकानी गर्न सक्ने भए पनि सरकारी निर्णय मान्नु उसको बाध्यता भएको तिमल्सिनाको भनाइ छ।

'मन्त्रिपरिषद् निर्णय नै अन्तिम हो र त्यो भोलिदेखि नै राजपत्रमा सूचना प्रकाशित गरेर कार्यान्वयन हुनुपर्छ,' उनले थपे।

**सरकारको कर छुट निर्णयले थप मूल्यवृद्धि हुनबाट रोक्छ**

सरकारले पेट्रोलियम पदार्थमा कर कटौती गर्ने निर्णयलाई एक सकारात्मक कदमको रूपमा लिँदै पूर्ववाणिज्य सचिव पुरुषोत्तम ओझा यसले तत्काल उपभोक्तालाई मूल्यमा राहत मिल्ने सम्भावना भने न्यून रहेको बताउँछन्।

उनका अनुसार यो निर्णयले मूल्यवृद्धि रोक्न र अत्यधिक घाटामा गएको आयल निगमलाई राहत प्रदान गर्न मद्दत पुऱ्याउने छ।

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य निरन्तर बढिरहेको र निगमले घाटा खाएर इन्धन बेचिरहेको अवस्थामा सरकारको कर छुटको निर्णयले थप मूल्यवृद्धि हुनबाट रोक्ने उनको विश्लेषण छ।

'निगमले अहिले नै ठूलो घाटामा इन्धन बिक्री गरिरहेको छ, यस्तो अवस्थामा करमा दिएको छुटले घटेको मूल्य उपभोक्तालाई हस्तान्तरण गर्नुभन्दा पनि निगमको घाटा पूर्ति गर्न मद्दत गर्छ,' पूर्वसचिव ओझाले भने, 'त्यसैले तत्काल पेट्रोल-डिजेलको भाउ घट्छ भन्ने मलाई लाग्दैन, तर यसले बढ्दो मूल्यलाई स्थिर राख्न र थप मूल्य बढ्न नदिन महत्त्वपूर्ण भूमिका खेल्छ।'

सरकारको यो कदमले उपभोक्तामाथि थप मार पर्न नदिने उद्देश्य राखेको देखिने र यसलाई जनतालाई राहत दिने पक्षमा चालिएको एक महत्त्वपूर्ण कदमको रूपमा लिनुपर्ने उनको भनाइ छ।

**अहिले उपभोक्ताले कति कर तिरिरहेका छन् ?**

हालको कर संरचना हेर्ने हो भने उपभोक्ताले एक लिटर पेट्रोल खरिद गर्दा झन्डै ६७ रुपैयाँ (६६.९८ रुपैयाँ) राज्यलाई करबापत बुझाउने गरेका छन्। यसभित्र भन्सार, सडक मर्मत, प्रदूषण नियन्त्रण, पूर्वाधार र मूल्य अभिवृद्धि कर (भ्याट) जस्ता विभिन्न शीर्षक जोडिएका छन्।

त्यसैगरी एक लिटर डिजेल प्रयोग गर्दा उपभोक्ताको खल्तीबाट ४९ रुपैयाँ २८ पैसा विभिन्न करकै रूपमा काटिने गरेको छ।

यद्यपि, विश्वबजारमा इन्धनको मूल्य बढ्दा मूल्य समायोजन गर्नुपर्ने बाध्यता रहेको सरकारले स्पष्ट पारेको छ। 'मूल्य समायोजनको बाध्यता छ, सरकारले यो तथ्य लुकाउँदैन,' मन्त्री रावलले भनिन्, 'त्यसैले पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्न व्यावहारिक देखिएको छ।'

इन्धन संकटको यो घडीमा सरकारले जनताको साथ खोजेको मन्त्री रावलले प्रष्ट पारिन्।

'नेपाल सरकार सबैलाई भन्न चाहन्छ कि सरकार पारदर्शी छ, सत्य लुकाउँदैन, तर जनताको पीडा पनि बुझ्छ,' उनले भनिन्, 'ऊर्जा बचत गरौं, संयमित बनौं र सँगै उभिऔं।' *अनलाइनखबर*


# 'सभामुख पदको गरिमालाई उच्च बनाउन सकारात्मक भई काम गर्नेछु'

काठमाडौँ, २४ चैत (रासस)।

सभामुख डोलप्रसाद आर्यालले संसदीय व्यवस्थामा सभामुख पदको गरिमालाई अझ उच्च बनाउने कार्यमा आफू सदैव सकारात्मक र सक्रिय रहने प्रतिबद्धता जनाउनुभएको छ।

सभामुख पदमा निर्वाचित भएपछि सोमबारको प्रतिनिधिसभा बैठकमा उहाँले भन्नुभयो, "संसदीय व्यवस्थाको सुन्दर पक्ष भनेको नीतिगत बहस, छलफल गर्ने र निष्कर्ष निकाल्ने हुन्छ। यस कार्यका लागि संसद् एक खुला विश्वविद्यालय सरह रहने भएकाले आफू सदैव सकारात्मक भएर काम गर्नेछु। सत्तापक्षको गुण र दोषका आधारमा प्रतिपक्षले भूमिका निर्वाह गर्ने भएकाले समाजमा सुशासन कायम गरी विकसित राष्ट्र निर्माणमा सबै सांसदहरूको बराबरी र महत्त्वपूर्ण भूमिका रहन्छ।"

नेपालको संविधान, प्रतिनिधिसभा नियमावली र प्रचलित कानुनलाई मार्गदर्शन मानी समग्र संसदीय क्रियाकलाप सञ्चालन गर्ने उल्लेख गर्दै सभामुख अर्यालले संविधान र प्रचलित कानुनको अधिनमा रही राजनीतिक दलहरूसँगको आपसी सहयोग र समन्वयका आधारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले देशमा सुसाशन


*बाँकी तीन पृष्ठमा*

# एसइई दिइरहेका एक नक्कली परीक्षार्थी पक्राउ

इनरुवा (सुनसरी), २४ चैत (रासस) ।

जिल्लाको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित श्री पृथ्वीनारायण माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट एक नक्कली परीक्षार्थी पक्राउ परेका छन् ।

विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले माध्यमिक शिक्षा परीक्षा (एसइई) दिइरहेकी हरिनगर-६ का २० वर्षीया नुसरत खातुनलाई पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक केशव थेबेले खातुनले आफ्नै भाउजू सलमा अजहरको नाममा जारी गरिएको प्रवेशपत्र लिएर परीक्षा दिइरहेको पाइएपछि पक्राउ गरिएको हो । पहिलो दिनदेखि नै लगातार परीक्षा दिँदै आएको भए पनि मंगलबार नियन्त्रणमा लिएको उहाँले जानकारी दिनुभयो ।

भोक्राहा-२ स्थित जामिया इस्लामिया मदरसामा कक्षा १० मा अध्ययनरत सलमा हाल कतारमा रहेको जनाइएको छ । नक्कली परीक्षार्थी बनेर परीक्षा दिनु शिक्षा ऐनविपरीत भएकाले सोहीअनुसार खातुनलाई कारबाही हुने सुनसरीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बताउनुभयो ।

## ‘सभामुख...

“परिणाम प्राप्तिको लागि अझै पनि धेरै महत्वपूर्ण कानून निर्माण, संशोधन र परिमार्जन गर्न बाँकी छन् । त्यसैले समयबद्ध योजना बनाएर ती कार्यहरू सम्पन्न गर्न सबै माननीय सदस्यहरूको सक्रिय सहभागिता अपरिहार्य छ, संसद्लाई निष्क्रिय होइन, कार्यसम्पादनको केन्द्र बनाउनु आवश्यक छ ।”

बहुदलीय शासन व्यवस्थामा जनताको अभिमत जाहेर हुने भएकाले सबै दलहरूसँगको समन्वयमा संसद्को गरिमा उचो राख्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले संसदमा उपस्थित राजनैतिक दल र सबै सदस्यबाट असल सवैधानिक अभ्यास हुने विश्वासपनि व्यक्त गर्नुभयो ।

## जिल्लाको...

समन्वय अधिकारी कुन्दन कुमार कर्ण, उद्योग बाणिज्य संघका महासचिव अमृत संचेती, राष्ट्रिय उपभोक्ता मञ्च सप्तरीका अध्यक्ष राजकुमार गुप्ता, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव लगायतको सहभागिता रहेको थियो ।

## एक...

मात्र सञ्चालनमा रहेको अवस्थामा थप क्षमताका लागि उनले रकम लिँदै गरेको अवस्थामा सोमबार रंगेहात पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीले जनाएको छ ।

पक्राउ पर्नुभएका दासलाई आवश्यक कानुनी प्रक्रिया पुरा गरी थप अनुसन्धानका लागि इटहरी लगिएको प्रहरीले जनाएको छ ।

## घरदैलो...

दलित वस्तीका ३७ जना बालबालिकालाई शैक्षिक सामग्री प्रदान गर्दै विद्यालय जान प्रेरित गरेका छन ।

उनको अभियानमा पार्टीका जिल्ला संयोजक डा.सुर्या यादव सहित अन्य पदाधिकारी र सर्मथक सहभागी रहेका थिए ।

# मन्त्रीहरूको मर्यादाक्रम हेरफेर

काठमाडौँ, २४ चैत (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले मौजुदा मन्त्रिपरिषद् मर्यादाक्रममा हेरफेर गर्नुभएको छ ।

नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम प्रधानमन्त्री वालेन्द्र शाहको सिफारिसमा यही चैत १३ गते गठित मन्त्रिपरिषद्मा मर्यादाक्रममा हेरफेर गरिएको हो । मन्त्रीहरूको कार्यविभाजन यथावत रहे पनि मर्यादाक्रममा हेरफेर गरिएको जनाइएको छ । हेरफेर भएको मर्यादाक्रमअनुसार प्रधानमन्त्री शाहपछि वरिष्ठताका आधारमा अर्थमन्त्री डा स्वर्णिम वाग्ले रहनुभएको छ ।

त्यसैगरी परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठपछि गृहमन्त्री सुधन गुरुङको मर्यादाक्रम रहेको छ । सुरुको मर्यादाक्रममा गृहमन्त्री गुरुङ तेस्रो वरियतामा हुनुहुन्थ्यो ।

हाल १५ सदस्यीय मन्त्रिपरिषद्मा १५ औं नम्बरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह रहनुभएको छ ।

## वर्तमानबाट...

कायम गरी भ्रष्टाचार नियन्त्रण गरेर विकास निर्माणका गतिविधि सञ्चालन गर्ने र आवश्यक कानुन बनाउने थलो संसद् भएकाले सबै राजनीतिक दललाई रचनात्मक सहयोग र सहभागिताका लागि उहाँले आग्रह गर्नुभयो ।

“म कुनै राजनीतिक दलमा आबद्ध भएर निर्वाचित हुँदै प्रतिनिधिसभाको सहस्य भएको हुँ । अब म दलकोभन्दा राष्ट्रको सभामुख भएकाले यो गरिमामय पद र यसको जिम्मेवारी निर्वाह गरिरहँदा राजनीतिक दलमा सहभागी भएकै कारण सभाको मर्यादामा आँच आउन दिने छैन”, सचामुख अर्यालले भन्नुभयो । उहाँले सबैको सुझावलाई तथष्टरूपमा कार्यान्वयन गर्दै सभामुख निष्पक्ष र स्वतन्त्र हुनुपर्ने बताउनुभयो ।

सभामुख अर्यालले सांसद सङ्ख्याका आधारमा कुनै भेद्भाव नहुने बताउँदै सांसद सबैबाट सभा सञ्चालनका लागि क्रियाशिलता, रचनात्मक सहयोग र समन्वयको अपेक्षा गर्नुभयो । संसदमा जनताको प्रतिनिधित्व गरेर आएका कुनैपनि सदस्यलाई दलगत सहभागिताका आधारमा भेद्भाव नहुने उहाँको भनाइ छ ।

“हामीले गर्ने प्रत्येक निर्णय र गतिविधि जनताले नजिकबाट अवलोकन गरिरहेका छन् । निर्वाचित प्रतिनिधिजनताले जिताएर पठाएका छन् । सबैले आफ्नो दायित्व आमनागरिकप्रति इमान्दर भएर निर्वाह गर्नुपर्छ”, सभामुख अर्यालले भन्नुभयो । उहाँले हरेक नेपाली नागरिकले संसद्मा हुने छलफल र यहाँका गतिविधिमा आफ्नो सहभागिता रहेको महसुस गर्नेगरी काम गर्ने प्रतिबद्धता जनाउनुभयो ।

सभामुख अर्यालले नयाँ कानुन निर्माण गर्नुभन्दा पहिला बनेका, हाल विद्यमान ऐन कानुनको समिक्षा र पुनरावलोकन गरी कुनकुन कानुन खारेज गर्ने, कुनकुन कानुनलाई एकिकृत गर्ने भन्नेबारेमा अध्ययन पुनरावलोकनसहित कानुनको निर्माणमा जुट्न सबैलाई आग्रह गर्नुभयो ।

“परिणाम प्राप्तिको लागि अझै पनि धेरै महत्वपूर्ण कानून निर्माण, संशोधन र परिमार्जन गर्न बाँकी छन् । त्यसैले समयबद्ध योजना बनाएर ती कार्यहरू सम्पन्न गर्न सबै माननीय सदस्यहरूको सक्रिय सहभागिता अपरिहार्य छ, संसद्लाई निष्क्रिय होइन, कार्यसम्पादनको केन्द्र बनाउनु आवश्यक छ ।”

बहुदलीय शासन व्यवस्थामा जनताको अभिमत जाहेर हुने भएकाले सबै दलहरूसँगको समन्वयमा संसद्को गरिमा उचो राख्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले संसदमा उपस्थित राजनैतिक दल र सबै सदस्यबाट असल सवैधानिक अभ्यास हुने विश्वासपनि व्यक्त गर्नुभयो ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय राजबिराज ,सप्तरी

प.नं.०८२/०८३
च.नं.

मिति:- २०८२।१२।

**विषय:-३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सुचना ।**

रैति न.४६ न. को रैति गंगाई साफिको नाममा कायम रहेका साबिक प्रगन्ना जगदर मौजे रम्पुराको तपसील बमोजिमको जग्गा विन्दवासनी देवीको नाममा ७ न.फोटवारीमा जि.स.गा.वि.स.सखडा गंसाई साफीको तपसिल बमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा सर्वे नापी भई तपसिल बमोजिमको जग्गा जिल्ला सप्तरी गा.वि.स.छिन्नमस्ता वार्ड नं.८ हाल परिवर्तित छिन्नमस्ता गा.पा.वार्ड नं.२ बस्ने स्व.गंगाई साफीको नाति स्व.अवध साफीको जेठा छोरा राम चरण साफी-१ र ऐ.ऐ.बस्ने ऐ.को नाति ऐ.को कान्छा छोरा सत्य नारायण साफी-१ समेतले यस कार्यालयमा द.नं.११०७८ मिति २०८२।०९।०९ गतेमा निवेदन परी हक दावी सम्बन्धित सार्वजनीक सुचना प्रकाशित गर्ने मिति २०८२।१२।२३ गतेमा आदेश भए बमोजिम यो ३५ दिने हक दावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स प्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हक दावी उजुरी पर्न नआएमा निवेदकहरु समेतको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाहि भै जाने छ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसील

| सा.कि.न. | गा.वि.स. | वार्ड नं. | हा.कि.नं. | क्षेत्रफल | तर्फ | साबिक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३४२ | सखडा | ९(ग) | २८०/१४८ | ०-५-१४ मध्ये ०-२-१ | | स्व.गंगाई साफीको नाउँमा २००४ सालमा नापी भएको सो जग्गा २०२२ सालमा ७ नं.फोट-बारीमा गंगाई साफी नाउँमा कायम रहेको । | फिल्डबुकको जग्गाधनी महलमा खाली किसानको महलमा खाली खाली कैफियत महलमा यो जग्गा गंगाई साफीको नम्बरी हो । |
| १०५२ | " | " | २८४/१९१ ४७५,५१८ | ०-५-५मध्ये ०-०-९.५ | " | " | " |
| ६१० | " | " | २७८/१४० ,४७३,५१६ | ०-७-१५मध्ये ०-१-१३.५ | " | " | " |
| ५८५ | " | " | २८६/८२ /५१२ | ०-१६-९मध्ये ०-५-९.७५ | " | " | " |
| ३१२ | " | " | १८०/२८२ | ०-३-०मध्ये ०-०-८ | " | " | |
| ३०३ | " | ८(क) | ३६८/२२९ | ०-६-१०मध्ये ०-०-१५ | " | " | " |
| ४०१ | " | " | ३६२ | ०-३-१०मध्ये ०-१-१० | " | " | " |
| ५३७ | " | " | २४२/३६६, ६५३/७०९ | ०-६-१०मध्ये ०-१-५ | | " | " |
| २८५ | | ८(ग) | २७०१/३७० | ०-२-६मध्ये ०-०-६ | " | " | " |


# विश्व समाचार

## भारतको हिरासतमा दुई जनाको हत्या गरेको आरोपमा नौ जना प्रहरीलाई मृत्यु दण्डको सजाए

नयाँदिल्ली, २४ चैत (रासस/एएफपी)

भारतीय अदालतले कोभिडको माहामारीको समयमा हिरासतमा लिएका दुई जनाको हत्या गरेको आरोपमा नौ जना प्रहरीलाई मृत्युदण्डको सजाय सुनाएको छ ।

केन्द्रीय अनुसन्धान ब्युरो (सीबीआई)को विज्ञप्तिअनुसार तमिलनाडु राज्यको मदुराईका जिल्ला न्यायाधीशले मङ्गलबार व्यापारी जयराज र उहाँका छोरा बेनिक्सको हिरासतमा हत्या भएको घटनामा अधिकारीलाई दोषी गर्नु भएको थियो ।

जेल जिवन विताइरहेका उनीहरूलाई प्रहरी अधिकारीले क्रूर यातना दिएर हत्या गरेको जनाइएको छ ।

मिडिया रिपोर्टका अनुसार मोबाइल पसल चलाउने उनीहरूलाई कोभिड-१९ महामारीको समयमा लकडाउनका क्रममा अनुमति दिइएको समयभन्दा बढी समय आफ्नो पसल खुला राखेको आरोपमा पक्राउ गरिएको थियो ।

हत्या पछि तमिलनाडु सरकारले मुद्दा सीबीआईमा हस्तान्तरण गरेको थियो भने सीबीआईले ९० दिनभित्र नौ अधिकारीहरू विरुद्ध आरोपको अनुसन्धान गरेको जनाइएको छ ।

सुनुवाइको क्रममा, सीबीआईले ५० जनाभन्दा बढी साक्षीहरूको जाँच गरेको उल्लेख गर्दै घटनाले जन-भावनामा खेलवाड गरेको भन्दै कडा सजायको सुनिश्चित गरेको तर्क दिएको छ ।

हत्यामा संलग्न नौ जना अभियुक्तलाई हत्या र प्रमाण नष्ट गरेको अभियोगमा दोषी ठहर गरिएको जनाइएको छ ।

भारतमा यसअघि अन्तिम मृत्युदण्ड बसमा एक महिलाको सामूहिक बलात्कार र हत्या गरेको आरोपमा चार जनालाई दिइएको थियो ।

## चन्द्र उडानपछि फर्किंदै आर्टेमिस टोली

ह्युस्टन, २४ चैत (रासस/एएफपी) ।

इतिहास रेकर्ड तोड्दै चन्द्रमाको दुर्लभ दृश्यहरूको साक्षी बनेको आर्टेमिस द्वितीय अन्तरिक्ष टोलीले आफ्नो महत्त्वाकांक्षी उडान सम्पन्न गर्दै पृथ्वीतर्फ फर्किने यात्रा सुरु गरेको छ । करिब सात घण्टासम्म अन्तरिक्षयानको झ्यालमा आँखा गाडेर बसेका चार सदस्यीय टोलीले मानव इतिहासमै फरक र अभूतपूर्व खगोलीय अनुभव सङ्कलन गरेका छन् ।

चन्द्रमाको कम चिनिएका क्रेटरहरूदेखि सूर्य ग्रहणसम्मका दृश्य अवलोकन गरेका अन्तरिक्ष यात्रीहरूले अन्तरिक्षबाट देखिएका दृश्यलाई शब्दमा व्यक्त गर्नै कठिन भएको बताएका छन् । अन्तरिक्ष यात्री भिक्टर ग्लोभरले आफूहरूले देखेका दृश्य मानव कल्पनाभन्दा पर रहेको उल्लेख गर्दै त्यसलाई ‘अविश्वसनीय’ अनुभवका रूपमा वर्णन गर्नुभयो ।

उडानका क्रममा टोलीले चन्द्र सतहका सूक्ष्म संरचनाहरूलाई नजिकबाट नियालेका थिए भने चन्द्रमाले सूर्यलाई ढाक्दा देखिने सूर्य ग्रहणको दृश्य पनि प्रत्यक्ष देखेका थिए । त्यस्तै, चन्द्र सतहमा देखिएका उज्याला चमकहरू उल्का प्रहारका सङ्केत भएको उनीहरूले बताएका छन् । आर्टेमिस द्वितीयका प्रमुख वैज्ञानिक केल्सी यङले यस अभियानबाट प्राप्त वैज्ञानिक जानकारी अत्यन्तै मूल्यवान रहेको बताउँदै अन्तरिक्ष यात्रीहरूको योगदानको प्रशंसा गर्नुभयो ।

ऐतिहासिक दूरी पार गर्दै टोलीले सन् १९७० को अपोलो १३ अभियानले कायम गरेको कीर्तिमानसमेत तोडेको छ । उनीहरू पृथ्वीबाट करिब दुई लाख ५२ हजार ७६० माइल (चार लाख छ हजार ७७८ किलोमिटर) टाढा पुगेका थिए, जुन अघिल्लो रेकर्डभन्दा चार हजार १०५ माइल बढी हो । अन्तरिक्ष यात्री जेरेमी ह्यानसेनले यो उपलब्धिले भावी पुस्तालाई अझ अगाडि बढ्न प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो ।

यात्राका क्रममा उनीहरूले करिब ४० मिनेटसम्म पृथ्वीसँग सम्पर्क गुमाउनुपरेको थियो, जुन अन्तरिक्षयान चन्द्रमाको पछाडि पुग्दा स्वाभाविक रूपमा हुने ‘ब्ल्याकआउट’ हो । यो क्षण ५० वर्षभन्दा बढीपछि पहिलोपटक मानवले पृथ्वीसँग सम्पर्कविहीन भएको घटना बनेको छ । पुनः सम्पर्क स्थापित भएपछि अन्तरिक्ष यात्री क्रिस्टिना कोचले पृथ्वीको आवाज फेरि सुन्न पाउँदा निकै सन्तोष मिलेको बताउनुभयो ।

यसैबीच, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तरिक्ष यात्रीहरूसँग फोनमार्फत संवाद गर्दै उनीहरूलाई ‘आधुनिक समयका अग्रगामी’ भन्दै प्रशंसा गर्नुभयो । उहाँले यस्तो साहसिक अभियानले विश्वलाई प्रेरित गरेको उल्लेख गर्दै अन्तरिक्ष अन्वेषणमा अमेरिका अग्रपङ्क्तिमा रहने धारणा व्यक्त गर्नुभयो । संवादका क्रममा केही समय सङ्केत अवरोधसमेत देखिएको थियो, जसलाई उहाँले दूरीको कारण भएको टिप्पणी गर्नुभयो ।

ओरियन क्याप्सुलमार्फत फर्किंदै गरेको टोली अब स्वतः पृथ्वी फर्किने बाटो (फ्री-रिटर्न प्रक्षेपवक्र) मार्गमा पृथ्वी आइपुग्न करिब चार दिन लाग्नेछ । रिड वाइसम्यानको नेतृत्वमा रहेको यस मिसनमा विविध ऐतिहासिक उपलब्धि पनि समावेश छन् । ग्लोभर चन्द्रमाको वरिपरि पुग्ने पहिलो अश्वेत अन्तरिक्ष यात्री बन्नुभएको छ भने कोच पहिलो महिला र ह्यानसेन पहिलो गैर-अमेरिकीका रूपमा इतिहासमा दर्ज हुने तयारीमा हुनुहुन्छ ।

मिसनका क्रममा टोलीले दुई नयाँ चन्द्र क्रेटरको नाम प्रस्ताव गर्ने निर्णय गर्दा एउटा भावनात्मक क्षण पनि देखा पर्‍यो ।

# नेपाल टेलिकमको सेवामा सुधार: डाटा सकिँदा स्वत: पैसा नकाटिने

काठमाडौँ, २४ चैत (रासस)।

नेपालको दूरसञ्चार क्षेत्रमा सेवा गुणस्तरबारे लामो समयदेखि उठ्दै आएका गुनासाहरूका बीच नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम) मा सुधारका प्रयास थालिएका छन्।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाको निर्देशनपछि कम्पनीले सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठोस कदम अघि बढाएको हो। विशेषगरी ग्राहक सेवा, मोबाइल डेटा व्यवस्थापन, डिजिटल सेवा विस्तार र प्रशासनिक प्रक्रियामा सुधार ल्याउने उद्देश्यले व्यापक रूपान्तरण प्रक्रिया अघि बढाइएको छ।

सञ्चार मन्त्रालयले 'नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली' लागू गर्ने उद्देश्यसहित १० बुँदे सुधारात्मक कार्ययोजना ल्याएको छ। यस योजनामा नेपाल टेलिकमको सेवा सुधारलाई पनि प्राथमिकतामा राखिएको छ। यसअन्तर्गत ग्राहक सेवालाई सहज, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्य लिइएको छ। विगतमा सेवा अवरोध, ढिलो प्रतिक्रिया, अनावश्यक प्रक्रियागत झन्झट र ग्राहकको गुनासो समाधानमा ढिलाइजस्ता समस्या बारम्बार उठ्दै आएका थिए। यिनै समस्यालाई सम्बोधन गर्न अहिले मन्त्रालय र कम्पनी दुवैले समन्वयात्मक ढंगले काम गरिरहेका छन्।

नेपाल टेलिकमका प्रयोगकर्ताहरूले लामो समयदेखि डाटा प्याकेज सकिएपछि स्वत: मुख्य ब्यालेन्सबाट रकम काटिने समस्याबारे गुनासो गर्दै आएका थिए। अब यो प्रणाली अन्त्य गरिएको छ। यसको सट्टा ग्राहकले थप पारदर्शी र आफैँ छान्न सक्ने विकल्पसहितको सेवा पाउनेछन्। अब ग्राहकले लिएको डाटा प्याकेजको ९० प्रतिशत खपत भएपछि पूर्वसूचना दिइनेछ। जसले बाँकी डाटा कति छ भन्ने जानकारी समयमै दिन्छ। यससँगै 'पे(एज(यू(गो' (पिएवाईजी) अर्थात् डाटा प्याकेजबिनै इन्टरनेट चलाउने र रकम काट्ने विकल्प उपलब्ध गराइएको छ। जसले ग्राहकलाई प्याकेजबिना पनि आवश्यकताअनुसार इन्टरनेट प्रयोग गर्नसक्ने सुविधा दिन्छ। साथै, ग्राहकले नयाँ प्याकेज लिने वा सिधै पिएवाइजी मोडमा जाने भन्ने निर्णय आफैँ गर्न सक्नेछन्।

नेपाल टेलिकमका प्रवक्ता रवीन्द्र मानन्धरका अनुसार यो प्रणाली हाल परीक्षण चरणमा रहेको र केही दिनभित्रै पूर्ण रूपमा लागू हुनेछ। उहाँका अनुसार 'युएसएसडि'मार्फत खरिद गरिने डाटा प्याकमा यो सुविधा तीनदेखि पाँच दिनभित्र लागू हुनेछ भने नेपाल टेलिकमको मोबाइल एप प्रयोग गर्ने ग्राहकका लागि सातदेखि १० दिनभित्र कार्यान्वयनमा आउनेछ। यसले डिजिटल माध्यममार्फत सेवा प्रयोग गर्ने ग्राहकहरूलाई अझ सहज अनुभव दिने विश्वास लिइएको छ।

नेपाल टेलिकमका ग्राहक सेवा प्रक्रियालाई सरल र प्रभावकारी बनाउन 'वन टाइम केवाइसी' प्रणाली लागू गर्न पनि सञ्चारमन्त्री तिमिल्सिनाले निर्देशन दिनुभएको छ। यसबाट ग्राहकले एकपटक मात्र आफ्नो विवरण बुझाएपछि भविष्यमा फेरि त्यही विवरण पेस गर्नुपर्ने झन्झट अन्त्य हुने जनाइएको छ। अहिले सिम कार्ड लिन, नवीकरण गर्न वा अन्य सेवा लिन जाँदा बारम्बार कागजात पेस गर्नुपर्ने समस्या थियो। जसले ग्राहकलाई हैरानी दिँदै आएको थियो। नयाँ प्रणाली लागू भएपछि सेवा प्राप्ति प्रक्रिया छिटो, सरल र झन्झटरहित हुने अपेक्षा गरिएको छ। यो प्रणाली आगामी ३० दिनभित्र कार्यान्वयनमा ल्याइसक्ने लक्ष्य राखिएको छ।

डिजिटल रूपान्तरणलाई प्राथमिकतामा राख्दै नेपाल टेलिकमले आफ्ना विभिन्न सेवाहरू पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी पनि तीव्र बनाएको छ। ई-सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुन:प्राप्ति तथा सिम स्वामित्व हस्तान्तरणजस्ता सेवाहरू अब घरमै बसेर अनलाइन माध्यमबाट लिन सकिनेछ। यसले विशेषगरी दुर्गम क्षेत्रका ग्राहकलाई ठूलो राहत दिने अपेक्षा गरिएको छ। साथै कार्यालयमा हुने भीड घटाउने र सेवा वितरणलाई थप व्यवस्थित बनाउने ठानिएको छ।

ग्राहक सेवा सुधारकै अर्को महत्वपूर्ण पक्षका रूपमा 'एकल विन्दु सेवा' सहायता कक्ष स्थापना गर्ने योजना अघि सारिएको छ। मन्त्रालयको कार्ययोजनाअनुसार नेपाल टेलिकमका सबै कार्यालयमा यस्तो सहायता कक्ष स्थापना गरिनेछ र ग्राहकले एकै ठाउँबाट आफ्ना सबै समस्याको समाधान पाउनेछन्। यसले विभिन्न काउन्टर धाउनुपर्ने बाध्यता अन्त्य गर्ने र सेवा प्राप्तिको समय घटाउने अपेक्षा गरिएको छ।

यससँगै, फोरजी मोबाइल नेटवर्क सेवाको गुणस्तर सुधार गर्ने काम पनि भइरहेको छ। हाल देशका विभिन्न स्थानमा फोरजी सेवा कमजोर रहेको गुनासो व्यापक रूपमा उठ्दै आएको छ। यस समस्यालाई समाधान गर्न नीतिगत व्यवस्था परिमार्जन गर्ने र थप फ्रिक्वेन्सी उपलब्ध गराउने तयारी भइरहेको मन्त्रालयले जनाएको छ। आगामी ३० दिनभित्र आवश्यक नीतिगत सुधार सम्पन्न गरी सेवा गुणस्तरमा सुधार ल्याउने लक्ष्य राखिएको छ।

# काँग्रेसका उम्मेदवार यादवले गरे चुनावी खर्च विवरण सार्वजनिक



**दैनिक समाचारदाता राजविराज, २४ चैत।**

फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट सप्तरीको क्षेत्र नम्बर ३ मा उम्मेदवार बनेका दिनेश कुमार यादवले निर्वाचनमा भएको खर्च विवरण सार्वजनिक गरेका छन्।

आफ्नो क्षेत्रमा मंगलबार निर्वाचन समिक्षा तथा खर्च विवरण सार्वजनिकिरण कार्यक्रम गरेर उनले आफ्नो खर्च विवरण सार्वजनिक गरेका हुन्।

कार्यक्रममा उनले निर्वाचन कार्यालयमा तोकिएकै समय सिमाभित्र बुझाएको निर्वाचन खर्च विवरण अनुसार कूल १० लाख १० हजार खर्च भएको उल्लेख गरेका छन्। मनोनयन दर्तामा १० हजार, झण्डा, ब्यानर, तुलमा एक लाख १७ हजार एक सय, पर्चा पम्पलेट, नमुना मतपत्र छपाईमा एक लाख १५ हजार, गाडी भाडा र इन्धनमा चारलाख ५० हजार मतदाता शिक्षामा दुई लाख दुई हजार पाँच सय, खाना र नास्तामा ६७ हजार तीन सय ५० तथा विविधमा ४८ हजार ५० रुपैयाँ खर्च भएको उनले आफ्नो निर्वाचन खर्च विवरणमा उल्लेख गरेका छन्।

कार्यक्रममा पार्टीका कार्यकर्ता तथा समर्थकहरुलाई धन्यवाद दिँदै उनले आगामी निर्वाचनमा सफलता हासिल गर्न सबै एकताबद्ध भई अघि बढ्नुपर्नेमा जोड दिएका थिए।

# 'पत्रकारहरूको हकहितप्रति मधेस प्रदेश सरकार सदैव सकारात्मक छ'

महेन्द्रनगर (धनुषा), २४ चैत (रासस)।

मधेस प्रदेश सरकारका अर्थमन्त्री महेशप्रसाद यादवले पत्रकारहरूको हकहित र प्रेस स्वतन्त्रताको संरक्षणप्रति प्रदेश सरकार सधैँ सकारात्मक र प्रतिबद्ध रहेको बताउनुभएको छ।

धनुषाको ढल्केवरमा मंगलवार आयोजित कार्यक्रममा अर्थमन्त्री यादवले लोकतन्त्रको सुदृढीकरणका लागि स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेको उल्लेख गर्नुभयो। उहाँले पत्रकारहरूले भोगिरहेका समस्या र चुनौती समाधानका लागि प्रदेश सरकार गम्भीर रहेको बताउँदै आवश्यक नीतिगत तथा संरचनागत सुधारमा ध्यान दिइने बताउनुभयो।

"पत्रकारहरूको पेसागत सुरक्षा, क्षमता अभिवृद्धि र सामाजिक सुरक्षाको सुनिश्चितता हाम्रो प्राथमिकतामा रहेको छ," मन्त्री यादवले भन्नुभयो, "सञ्चार क्षेत्र सशक्त भए मात्र सुशासन र पारदर्शिता कायम गर्न सकिन्छ।" उहाँले सूचना प्रवाहलाई थप प्रभावकारी बनाउन र सञ्चारमाध्यमहरूसँग सहकार्य बढाउन प्रदेश सरकार तत्पर रहेको पनि स्पष्ट पार्नुभयो। साथै, पत्रकारिता क्षेत्रलाई मर्यादित, जिम्मेवार र विश्वसनीय बनाउन सबै पक्षले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा सहभागी पत्रकारहरूद्वारा प्रस्तुत समस्या तथा सुझावहरू कार्यान्वयनका लागि सकारात्मक पहल गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो।

# गोलबजार मेयर गोल्डकप : उद्घाटन खेलमा इटहरी विजयी

सिरहा, २४ चैत (रासस)।

सिरहाको गोलबजार नगरपालिकामा सोमबारदेखि सुरु भएको नवौँ संस्करणको 'गोलबजार मेयर गोल्डकप' फुटबल प्रतियोगिताको उद्घाटन खेलमा राष्ट्रिय जागृति क्लब, इटहरी विजयी भएको छ। गोलबजार नगरपालिका-२ गुरुधामस्थित खेलग्राममा भएको प्रतिस्पर्धात्मक उद्घाटन खेलमा हेटौँडा फुटबल एकेडेमीलाई पेनाल्टी सुटआउटमा ३-१ गोल अन्तरले पराजित गर्दै इटहरीले सुखद सुरुआत गरेको हो।

निर्धारित समयको खेल १-१ गोलको बराबरीमा सकिएपछि हारजितको निर्णय पेनाल्टी सुटआउटबाट लिइएको थियो। खेलमा उत्कृष्ट प्रदर्शन गरेका इटहरीका गोलरक्षक विवस चौधरी 'म्यान अफ द म्याच' घोषित भएका छन्।

प्रतियोगिताको उद्घाटन गर्दै मधेस प्रदेशसभाका सदस्य एवं पूर्वमन्त्री सत्रुधनप्रसाद सिंहले खेलकुदले युवालाई अनुशासन र सकारात्मक मार्गमा डोऱ्याउने बताउनुभयो। उहाँले यस्ता स्थानीय प्रतियोगिताले लुकेका प्रतिभा उजागर गर्नुका साथै सामाजिक सद्भाव र एकता मजबुत बनाउने उल्लेख गर्नुभयो। खेल क्षेत्रको दिगो विकासका लागि राज्य र निजी क्षेत्रबीचको सहकार्य अपरिहार्य रहेकामा उहाँले जोड दिनुभयो।

प्रतियोगिताअन्तर्गत मंगलवार दिउँसो २:०० बजे सिरहाको सलहेश युवा क्लब र आयोजक गोलबजार स्पोर्ट्स क्लबबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ। यही चैत २९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका विजेताले रु चार लाख ४४ हजार ४४४ र उपविजेताले रु दुई लाख २२ हजार २२२ नगदसहित ट्रफी प्राप्त गर्नेछन्। प्रतियोगितामा देशका विभिन्न स्थानका आठ टोलीको सहभागिता छ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरु:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*